# नेपाल राष्ट्र बैंक
राष्ट्रऋण व्यवस्थापन विभाग

## बजार निर्माताको इजाजत पत्र नवीकरण गर्ने तथा नयाँ इजाजत पत्र सम्बन्धि सूचना

नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभागले प्रचलित कानूनको अधिनमा रही नेपाल सरकारको तर्फबाट विभिन्न प्रकारका ऋणपत्रहरु निष्कासन गरी आन्तरिक ऋण उठाउने कार्य गर्दै आइरहेको क्रममा लामो अवधिका राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्रको प्राथमिक एवम् दोस्रो बजार कारोबार र वैदशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार मात्र गर्न नेपाल राष्ट्र बैंकले "बजार निर्माता सम्बन्धी कार्यविधि, २०७० (पहिलो संशोधन २०७३ सहित) जारी गरी विभिन्न संस्थाहरुलाई बजार निमार्ताको इजाजतपत्रहरु प्रदान गर्दै आएकोमा उक्त इजाजतपत्रहरुको नविकरण गर्न इच्छुक संस्थाहरुले इजाजतपत्रको बहाल अवधि समाप्त हुन अगावै तथा नयाँ इजाजत लिन इच्छुक संस्थाहरुले निम्न कागजातहरु संलग्न गरी यस विभागमा आवेदन दिन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

(१) आवश्यक कागजातहरु

(क) पछिल्लो आर्थिक वर्षको वित्तीय प्रतिवेदन,

(ख) प्रबन्धपत्र र नियमावली (नविकरण गर्नेको हकमा पहिले पेश गरेको शंसोधन भएको खण्डमा मात्र पेश गर्ने)

(ग) नयाँ इजाजत लिनेको हकमा वित्तीय कारोबार गर्न प्रदान गरिएको इजाजत पत्रको प्रतिलिपि ।

(घ) नयाँ इजाजत पत्र लिन दस्तूर वापत रु. १०,०००।- र नविकरणको लागि दस्तुर वापत रु.५,०००।- नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयमा रहेको यस बैंकको खाता नं. १२००००० -०३०-०१२-५२४ मा बुझाएको भौचरको सक्कल प्रति ।

(ङ) नविकरण गर्नेको हकमा यस विभागबाट यस अघि प्रदान गरेको बजार निर्माताको इजाजत पत्रको सक्कल प्रति ।

(च) समयमै नविकरणको लागि आवेदन नदिएमा बजार निर्माता सम्बन्धी कार्यविधि, २०७० (पहिलो संशोधन २०७३ सहित) मा व्यवस्था गरे अनुसार हुने ।

(२) नयाँ इजाजत लिन आवश्यक कागजातहरु संलग्न गरी जुन सुकै समयमा पनि यस विभागमा निवदेन दिन सक्ने ।

(३) नयाँ इजाजत तथा नविकरण ३ (तीन वर्ष) को लागि हुनेछ ।

(४) नयाँ इजाजत तथा नविकरण गर्दा बजार निर्माता सम्बन्धि कार्यविधि, २०७० (पहिलो संशोधन २०७३ सहित) अनुसार हुने र इजाजत प्राप्त संस्थाहरुले सो कार्यविधि, बचतपत्र सम्बन्धि सबै नीति नियमहरु र सो सम्बन्धि भविष्यमा हुने अन्य व्यवस्थाहरु समेत पूर्ण रुपमा पालन गर्नु पर्नेछ ।

(५) अब उपरान्त बजार निर्माताहरुको इजाजत पत्र नविकरण गर्न म्याद समाप्त हुने मिति अगावै नविकरणको लागि निवेदन पेश गर्न समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

पुनश्चः- थप जानकारीको लागि लागि नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभाग, थापाथली, फोन नं. ४१०१७३२ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।